नेपाल सरकार
मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार, मन्त्रिपरिषद्को २०८३ बैशाख २ गतेको बैठकका निर्णयहरू

क्र.सं	मन्त्रालय	निर्णयको सङ्क्षिप्त व्यहोरा
१	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	सर्वोच्च अदालतका पूर्व न्यायाधीश श्री राजेन्द्रकुमार भण्डारीको संयोजकत्वमा पूर्वन्यायाधीश श्री पुरूषोत्तम पराजुली, पूर्वन्यायाधीश श्री चण्डीराज ढकाल, पूर्व प्रहरी नायव महानिरीक्षक श्री गणेश के.सी र चार्टर्ड एकाउन्टेन्ट श्री प्रकाश लम्साल सदस्य रहेको वि. सं. २०६२/६३ देखि हाल (२०८२/८३) सम्म सार्वजनिक पद धारण गरेका प्रमुख राजनीतिक पदाधिकारी तथा उच्चपदस्थ कर्मचारीहरूको सम्पत्ति विवरणको सङ्कलन, प्रमाणीकरण तथा छानबिन गर्न जाँचबुझ आयोग गठन गर्ने।
२	अर्थ मन्त्रालय	बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप कोषमा स्वीट्जरल्याण्ड सरकारबाट प्राप्त हुने स्वीस फ्रान्क (CHF) १ मिलियन बराबरको अनुदान सहायता प्राप्त गर्ने।
३	अर्थ मन्त्रालय	आन्तरिक राजस्व विभागको उपमहानिर्देशक, निर्देशक र शाखा अधिकृत, ठुला करदाता कार्यालय तथा मध्यमस्तरीय करदाता कार्यालयको प्रमुख कर प्रशासक, प्रमुख कर अधिकृत र कर अधिकृत, आन्तरिक राजस्व कार्यालयका प्रमुख कर अधिकृत र कर अधिकृत तथा ५२ वटा कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख कोष नियन्त्रक वा कोष नियन्त्रकलाई तोकिएको क्षेत्र हेर्ने गरी अन्तःशुल्क अधिकृतको रूपमा तोक्ने।
४	अर्थ मन्त्रालय	आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (तेस्रो संशोधन) नियमावली स्वीकृत गर्ने।
५	कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय	नेपाल सरकार र गणतन्त्र भारत सरकारबिच हस्ताक्षर सम्पन्न भएको नेपाल सरकार र गणतन्त्र भारत सरकारबिच फौजदारी विषयमा पारस्परिक कानूनी सहायतासम्बन्धी सम्झौता २०८२ फागुन ५ मा हस्ताक्षर गरी स्वीकार गरिएको सूचना जानकारीका लागि प्रतिनिधि सभामा पेश गर्ने।
६	कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय	उच्च अदालत पाटनका माननीय न्यायाधीश श्री चन्द्रबहादुर सारुलाई सो अदालतको कामकाजसमेत गर्नेगरी सैनिक विशेष अदालतको अध्यक्ष तोक्ने।